नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १२ २०७७ साल साउन १४ गते बुधबार (29 July 2020 Wednesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : सञ्चार मन्त्रालयको वित्तीय ... ३ पृष्ठमा : तोकिएको समयमै जिम्मेवारी. ३ पृष्ठमा : कोरोनाबाट विश्वभर ६...

## संक्रमित बढ्न थालेपछि पिसिआर परिक्षण तिब्र बनाइयो



**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन ।**

विगत ६ दिनदेखी राजविराज नगरपालिका क्षेत्र जारि निषेधाज्ञालाई अझ कडाई गरिएको छ ।

हालसम्म राजविराज नगरपालिका क्षेत्रमा ५१ जना संक्रमित थपिनुका साथै दैनिक संक्रमित फेला पर्दै गएपछि निषेधाज्ञालाई थप कडा पारिएको हो ।

सप्तरी जिल्लामा दैनिक रुपमा कोरोना संक्रमित फेला पर्न थालेपछि पिसिआर परिक्षण कार्यलाई समेत तिब्र बनाइएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार दैनिक १ सय ५० देखी २ सयसम्म आसंकितको स्वाब संकलन गरि परिक्षण गर्न थालिएको छ । स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा संचालनमा ल्याइएको पिसिआर परिक्षण प्रयोगशालामा दैनिक १ सय ५० देखी २ सय ५० जनासम्मको स्वाब संकलन गरि परिक्षण कार्यलाई तिब्र बनाइएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले बताए ।

पिसिआर परिक्षणका लागि स्वेच्छाले जाँच गराउने आउनेको संख्या पनि बढ्दै गएपछि भ्याई नभ्याई भएको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले बताए ।

यता सप्तरीबाट संकलित स्वाब परिक्षणका लागि धरान र बिराटनगरस्थित प्रयोगशालामा पठाउने गरिएकोमा मंगलबारदेखी उक्त प्रयोगशालाहरुले स्वाब लिन अस्विकार गरेकाले संकलित सबैको स्वाब राजविराजस्थित प्रयोगशालामै

*बाँकी दुई पृष्ठमा*

## सप्तरीका तीन स्थानिय तह बन्द

**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन ।**

सप्तरीमा कोरोना भाइरसका संक्रमित थपिदै गएपछि तीन वटा स्थानीय तहले आफ्नो अतिआवश्यक कामकाज बाहेक सबै सार्वजनिक कामहरु बन्द गरेको छ ।

जिल्लाको राजगढ र अग्निसाइर कृष्णसवरण गाउँपालिकाले समुदायस्तरमा कोरोना सङ्क्रमण फैलिन सक्ने उच्च जोखिम रहेको भन्दै गाउँपालिका र वडा कार्यालयबाट हुने सेवाहरू बन्द गरिएको सूचना प्रकाशित गर्दै जानकारी दिएको ।

कोरोना सङ्क्रमणको जोखिम बढेको भन्दै राजगढ गाउँपालिकाले मंगलबारदेखी अनिश्चितकालका लागि सार्वजनिक सेवा बन्द गर्ने निर्णय गरेको छ । गाउँपालिकाका अध्यक्ष परमानन्द यादवले एक सूचना प्रकाशित गरी अर्को सूचना नआउञ्जेल गाउँपालिकाबाट प्रदान गरिने अत्यावश्यक सेवाबाहेक सबै सेवा बन्द रहने जानकारी दिएका छन् ।

त्यस्तै अग्निसाइर कृष्णसवरण गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत धीरेन्द्रकुमार यादवले एक विज्ञप्ति जारी गर्दै अति आवश्यक स्वास्थ्य सेवाबाहेकका अन्य सेवा अर्को सूचना जारी नहुञ्जेलसम्मका लागि बन्द गरिएको जानकारी दिएका छन् ।

यसअघि राजविराज नगरपालिकाले भने साउन ८ गतेदेखी नै लकडाउन कडा गर्ने निर्णय गरेको थियो । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि गरिएको लकडाउन चार महिनापछि अन्त्य भएकै दिन राजविराज नगरपालिकाले समुदायमा कोरोना फैलिएकाले लकडाउन कडा गर्ने निर्णय गरेको हो ।




## मास्क नलगाई हिड्ने १ सय २३ जना प्रहरी नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन ।**

राजविराज बजार क्षेत्रमा कोरोनाको उच्च जोखीम रहेकाले राजविराज नगरपालिका लगायत अन्य क्षेत्रबाट मास्क नलगाई हिड्ने १ सय २३ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

नगर क्षेत्रमा मास्क नलगाई हिडडुल गरिरहेको अवस्थामा उनीहरुलाई जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलिले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता तिलक भारतीले हाट, बजार र पूर्व-पश्चिम राजमार्गबाट नियन्त्रणमा लिइएका १ सय २३ जनाबाट प्रतिव्यक्ति एक सय जरिवाना तिराएर छाड्ने गरेको

*बाँकी अन्तिम पृष्ठमा*

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय ....

### युवालाई प्रोत्साहन गरौं

कुनै पनि मुलुकको विकासमा युवाको अहम भूमिका हुन्छ भन्ने कुरा कसैसामु लुकेको छैन् । युवाको अग्रसरता बिना विकासका कार्य सम्भव समेत हुदैन् । देशको मेरुदण्डको रुपमा मानिएको युवा शक्तिले चाहेमा आफ्नो देश तथा समाजलाई निश्चित रुपमा परिवर्तन गर्न सक्ने क्षमता देखाएका छन् । सप्तरी जिल्लाको मात्र कुरा गर्ने हो भने जिल्लाको अधिकांश स्थानमा उच्च शिक्षा हासिल गरेर पनि यहाँका युवाहरु जागिर नपाएपछि बाध्य भएर बिदेश जाने गरेको पाइएको छ । तर, ती युवा शक्तिलाई आफ्नै देशमा परिचालन गरेर देशको मुहार परिवर्तन गर्नेदेखि समाज परिवर्तनमा समेत सरहानिय भुमिका निर्वाह गर्न सक्छन् ।

बर्षेनी लाखौ रकम बाटोघाटो तथा अन्य विकास निर्माण कार्यको लागि कागजमा खर्चिने गरेको छ । देश तथा समाजको हरेक निकायलाई अगाडी बढाउनका लागि अहिलेको परिवर्तनशिल युगमा युवा नेतृत्वको निकै खाँचो रहेको देखिन्छ । तसर्थ युवा शक्तिहरु एक जुट भएर आफ्नो गाउँ, टोल र समाज निर्माणको कार्यमा सबै एक साथ मिलाएर अगाडी बढनुपर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सञ्चार मन्त्रालयको वित्तीय प्रगति ८७ प्रतिशत

काठमाडौं, १३ साउन (रासस) ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को प्रभावका बाबजुद पनि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत आवमा ८७.३ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । आर्थिक वर्ष २०७६/०७७ मा नेपाल सरकारकातर्फबाट चालुतर्फ रु पाँच अर्ब ९६ लाख ४० हजार र पूँजीगततर्फ रु एक अर्ब ५५ करोड ३१ लाख गरी कुल रु छ अर्ब ५६ करोड २७ लाख ४० हजार विनियोजन भएको थियो । गत आवमा चालुतर्फ ९२ प्रतिशत र पूँजीगततर्फ ७२.१ प्रतिशत खर्च गर्न सफल भएको मन्त्रालयले जनाएको छ ।

गत आवमा चालुतर्फ रु चार अर्ब ६० करोड ९३ लाख ४७ हजार र पूँजीगततर्फ रु एक अर्ब ११ करोड ९७ लाख ५४ हजार खर्च भएको मन्त्रालयमा मंगलबार आयोजित आव २०७६/०७७ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा प्रशासन महाशाखा प्रमुख राधिका अर्यालले जानकारी दिनुभयो ।

गत आवका लागि सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा सञ्चार मन्त्रालयसँग सम्बन्धित क्रमशः आठ र नौ बुँदा समेटिएका थिए । मन्त्रालयले सम्पादन गर्नुपर्ने ४६ मुख्य क्रियाकलापमध्ये २२ वटा क्रियाकलाप सो अवधिभित्रै सम्पन्न भएको उहाँले बताउनुभयो । अन्य २४ वटा क्रियाकलाप भने आंशिक रुपमा सम्पन्न भएका छन् ।

कुल ८६ मध्ये ४८ वटा 'माइलस्टोन' सम्पन्न, २४ वटा आंशिक रुपमा सम्पन्न र १२ वटा माइलस्टोन कार्यान्वयन नै शुरु हुन नसकेको सहसचिव अर्यालले बताउनुभयो । डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने, इटहरी र बाँकेमा डाटा सेन्टर स्थापना गर्न भवन निर्माण गर्न सम्झौता गरी निर्माण कार्य शुरु गर्ने, ललितपुर र बुटवलमा इन्टरनेट एक्सचेन्ज सेन्टर स्थापनाका लागि भवन निर्माण गर्न सम्झौता गरी निर्माण शुरु गर्ने, हुलाक सेवासम्बन्धी नियमावली तथा निर्देशिकाको मस्यौदा तर्जुमा गर्ने, काठमाडौं उपत्यकामा अत्याधुनिक सुविधासम्पन्न स्टुडियोको विस्तृत परियोजना प्रतिवेदन तयार गरी भवन निर्माणका लागि बोलपत्र आह्वान गरी सम्झौता गर्ने लक्ष्य कार्यान्वयन हुन सकेका छैनन् ।

यस्तै ज्येष्ठ पत्रकारको छनोट गरी वृत्ति प्रदान गर्ने, चलचित्रकर्मीका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने, ललितपुरको खुमलटारस्थित ११८ रोपनी जग्गामा राष्ट्रिय ज्ञान पार्क निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, इटहरी र बाँकेमा डाटा सेन्टर स्थापना तथा भवन निर्माणका लागि बोलपत्र आह्वान गर्ने, पूर्वाधार सेवाप्रदायकबाट सह-प्रयोगको कार्य शुरु हुने र भू-उपग्रह निर्माण सम्झौता गर्ने माइलस्टोन कार्यान्वयनको चरणमा प्रवेश नगरेको मन्त्रालयले जनाएको छ ।

गत आवमा सार्वजनिक सेवा प्रसारकको स्थापनाका लागि रेडियो नेपाल र नेपाल टेलिभिजनको सम्पत्ति दायित्व मूल्याङ्कन, सार्वजनिक सेवा प्रसारकको ढाँचा सिफारिश र सङ्गठन व्यवस्थापन सर्वेक्षणसहितको प्रतिवेदन तयार भएको छ । यस्तै ४४७ पालिकाको कार्यालय, तीन हजार ७३८ वडा कार्यालय, तीन हजार ४८ सामुदायिक विद्यालय र दुई हजार ६०० वटा स्वास्थ्य केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेट सेवा विस्तार भएको छ । सूचना महामार्ग निर्माण कार्यअन्तर्गत प्रदेश नं १, २ र बाग्मती प्रदेशमा २७३ किलोमिटर अप्टिकल फाइबर बिच्छ्याइको, ७७ जिल्लाका ५२७ पालिकामा फोरजी सेवा विस्तार, द्रुत गतिको इन्टरनेट सेवा विस्तारका लागि दुई लाख क्षमताको नेटवर्क जडान भई ७६ हजार लाइन वितरण गरिएको छ । ४७६ वटा सामुदायिक विद्यालयमा कम्प्युटर ल्याब स्थापना गर्ने कार्य सम्पन्न भएको छ ।

डिजिटल नेपाल फ्रेमवर्क २०७६, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ स्वीकृत भई कार्यान्वयन आएको, भू-उपग्रह नीति, २०७७, दूरसञ्चार (नवौं संशोधन) नियमावली, २०७६, चलचित्र निर्माण, प्रदर्शन तथा वितरण (छैठौं संशोधन) नियमावली, २०७७, राष्ट्रिय प्रसारण (दशौं संशोधन) नियमावली, २०७७, रेडियो सञ्चार लाइसेन्स (चौथो संशोधन) नियमावली, २०७७, सूचनाको हक कार्यान्वयनको अनुगमनसम्बन्धी निर्देशिका २०७६ र राष्ट्रिय ज्ञानपार्क (स्थापना र सञ्चालन) कार्यविधि, २०७६ स्वीकृत भएको छ ।

यस्तै विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ तर्जुमा सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको, सार्वजनिक सेवा प्रसारक र सुरक्षण मुद्रणसम्बन्धी विधेयक संघीय संसद्मा पेश भएको छ ।

**राससको प्रगति शतप्रतिशत**

कार्यक्रममा मन्त्रालय मातहतका विभिन्न १७ वटा निकायका प्रमुख तथा प्रतिनिधिले आआफ्नो कार्यालयले गत आवमा सम्पन्न गरेको प्रगति विवरण पेश गर्नुभएको थियो । सो अवसरमा राष्ट्रिय समाचार समिति (रासस) का अध्यक्ष हरिहर अधिकारी 'श्यामल'ले गत आवमा राससले शतप्रतिशत प्रगति हासिल गरेको बताउनुभयो ।

राससको भौतिक पूर्वाधारको विकास तथा मर्मत सम्भारमा स्रोतको अभाव भएको उल्लेख गर्दै उहाँले राष्ट्रको प्रतिष्ठाका रुपमा रहेको समितिको बृहत्तर हितका लागि कुनै पनि कन्जुस्याइँ नगर्न आग्रह गर्नुभयो । "राससको समग्र विकासमा सकारात्मक भूमिका निर्वाह गर्न आग्रह गर्दछु", आफू रासससलाई समृद्ध बनाउने लक्ष्यका साथ अगाडि बढेको उल्लेख गर्दै उहाँले भन्नुभयो ।

मुलुकका विभिन्न स्थानमा राससको जग्गा रहेको र तिनको सदुपयोगबाट राससलाई आत्मनिर्भर बनाउने योजना आफूसँग रहेपनि मन्त्रालयबाट आवश्यक सहयोग र समन्वय हुन नसकेको अध्यक्ष श्यामलले बताउनुभयो । उहाँले भौतिक संरचनाको नियमित मर्मत संभार र निर्माण गर्न नसक्दा कर्मचारी जोखिम मोलेर काम गर्न बाध्य भएको जानकारी गराउनुभयो ।

अध्यक्ष श्यामलले दुई ठूला छिमेकी मुलुक भारत र चीनमा राससका आवासीय संवाददाता राख्ने विषयमा सकारात्मक भइदिन पनि आग्रह गर्नुभयो । नीतिगत तहमा हल गर्नुपर्ने केही विषय थाती रहँदा राससको प्रभावकारिता देखिन नसकेको उल्लेख गर्दै उहाँले नीतिगत सहयोगको आवश्यकता औँल्याउनुभयो । "रासस राज्यको सञ्चारको स्नायू प्रणाली हो, यसलाई सहयोग गर्नुहोस्", उहाँले भन्नुभयो ।

# महाधिवेशनको प्रक्रिया आरम्भपछि गरिएको कारवाही रोक्न माग

काठमाडौं, १३ साउन (रासस) ।

नेपाली काँग्रेसका जिल्ला सभापतिहरूले पार्टीको महाधिवेशन प्रक्रिया आरम्भ भइसकेपछि नेता तथा कार्यकर्तामाथि विभिन्न बहानामा कारवाहीको दण्ड चलाउने कार्यले महाधिवेशनको निष्पक्षतामाथि गम्भीर प्रश्न उठेको भन्दै त्यस्ता गतिविधि तत्काल रोक्न माग गरेका छन् ।

काठमाडौँमा उपलब्ध पार्टीका जिल्ला सभापतिहरूको सोमबार साँझ सम्पन्न बैठकले गत निर्वाचनको बेला बागी उम्मेदवार बन्ने, प्रस्तावक/समर्थक बस्ने सबैजना विधानतः स्वतः पार्टीबाट बर्खास्त हुने प्रस्ट व्यवस्था हुँदाहुँदै हालै गरिएको कारवाही रोक्न माग गरेको हो ।

बैठकले स्थानीय तह पार्टी समायोजन सम्बन्धमा केन्द्रीय निर्वाचन समितिले सिन्धुपाल्चोकलगायत जिल्लामा खेलेको भूमिकामा पार्टीको नीतिभन्दा नेता प्रभावको गन्ध देखिएको भन्दै निर्णय प्रक्रियामा पुनर्विचार गरी निष्पक्षता र तटस्थता कायम गर्न आग्रह गर्ने निर्णयसमेत गरेको छ ।

पार्टीको आगामी १४औँ महाधिवेशनको सफलता र प्रभावकारितालाई सुनिश्चित गर्नेगरी सबै जिल्लाका जनता र स्थानीय सङ्गठनको तल्लो तहसम्म पार्टीको सैद्धान्तिक, वैचारिक, साङ्गठनिक र अग्रगामी नीतिनिर्माणको सवालमा अर्थपूर्ण संवादलाई तीव्रताका साथ अघि बढाउने बैठकले निर्णय गरेको छ ।

पार्टीको १४औँ महाधिवेशनको कार्यतालिका सार्वजनिक भइसकेको अवस्थामा पार्टीका विभाग वा समिति गठन गर्ने कार्य निर्वाचन आचारसंहिता, राजनीतिक नैतिकता र परम्पराविरुद्ध भएकाले यसबीच बनाइएका सबै विभाग र समिति खारेज गर्नुपर्ने निर्णय गरेको नुवाकोटका जिल्ला सभापति जगदीश्वर नरसिंह केसीले जानकारी दिनुभयो ।

पार्टीका जिल्ला सभापतिहरूको हेटौँडा, हलेसी र ककनी भेला तथा पार्टीको आठौँ महासमिति बैठकमा पार्टीको तल्लो तहबाट उठेका विषयलाई आगामी महाधिवेशनमा विधिवत् प्रस्तावका रूपमा अघि बढाउने बैठकले निर्णय गरेको उहाँले बताउनुभयो ।

बैठकले पार्टीको १३औँ महाधिवेशनमा सम्पूर्ण विधि/प्रक्रिया पूरा गरी केन्द्रमा बुझाइएका सदस्यहरूको क्रियाशील सदस्यता तत्काल जिल्लामा पठाउनुपर्ने, अत्यावश्यक थप क्रियाशील सदस्यता पार्टी प्रणालीअनुसार पठाउने र कुनै बहानामा अन्य बाटोबाट क्रियाशील सदस्यता पठाएर निर्वाचनलाई प्रभावित गर्ने कार्य हुन नहुने कुरालाई सुनिश्चित गर्न आग्रह गरेको छ ।

पार्टीपार्टी बीचको एकीकरण, पार्टी समूह वा व्यक्तिको काँग्रेस प्रवेश कार्यलाई निष्ठावान् नेता र कार्यकर्ताको तेजोवध गर्ने, क्षणिक गुटगत फाइदाका लागि पार्टीलाई दीर्घकालीन क्षति पुऱ्याउने वा अन्य अभीष्ट पूरा गर्ने अपारदर्शी कदमका रूपमा अघि बढाउने काम नहोस्, र एकदुई वा केही नेताको प्रवेशको आडमा सयौँ सङ्ख्यामा क्रियाशील सदस्यता पठाएर अनियमितता गर्ने काम नहोस् भन्नेतर्फ बैठकले नेतृत्वलाई सचेत गराएको छ ।

बैठकले जनताको आवाज बोल्ने र बोक्ने अभिप्रायले छायाँ सरकारको अभ्यास समेतमा उत्रिसकेको प्रमुख प्रतिपक्षी दल सौदाबाजी शक्तिका रूपमा देखिनु आत्मघाती हुने भन्दै त्यस्ता मनसाय वा भ्रमलाई चिर्दै सशक्त जनपक्षीय प्रतिपक्षको भूमिका निर्वाह गर्न आग्रह गरेको छ ।

**संक्रमित बढ्न ...**

परिक्षण गर्ने बाध्यता आइपरेको उनले जानकारी दिए ।

एक दिनअघि प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले परिक्षणको दायरा बढाउन थप एकवटा पिसिआर मेशिन उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेकाले उक्त मेशिन जडान गरेपछि परिक्षण प्रक्रिया केही सहज हुने डा. झाको भनाई छ ।

हाल कोरोनाको जोखिमलाई ध्यानमा राख्दै स्थानिय प्रशासनद्वारा गत साउन ८ गतेदेखी जारि गरेको निषेधाज्ञालाई छैठो दिन मंगलबार थप कडाई गरिएको छ । जिल्लाको १८ वटै स्थानिय तहमा कोरोना संक्रमण फैलिसकेको छ भने मंगलबारसम्ममा संक्रमितको संख्या ४ सय ६२ पुगेको छ ।

# तोकिएको समयमै जिम्मेवारी पूरा गर्ने परिपाटीको विकास गर्न निर्देशन

काठमाडौँ, १३ साउन (रासस)।

अर्थ, सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले कार्यतालिका अनुसार तोकिएको समयभित्रै जिम्मेवारी पूरा गर्ने परिपाटीको विकास गर्न निर्देशन दिनुभएको छ। सञ्चार मन्त्रालयमा मंगलबार आयोजित आव २०७६/७७ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उहाँले तोकिएको जिम्मेवारी भोलि पूरा गरौँला भन्ने भन्दा पनि अहिल्यै, आजै पूरा गर्ने सोचको विकास गर्न निर्देशन दिनुभयो।

"भोलि गरौँला, जेठ, असारमा सबै काम गरौँला भन्दा अहिलेको अवस्था आएको हो", कार्यतालिकाभित्र तोकिएको जिम्मेवारी सम्पन्न नसक्दाको परिणाम देखाउँदै उहाँले भन्नुभयो। आफू र मन्त्रालयका सचिव तथा मन्त्रालयका सचिव र मन्त्रालयका उच्च अधिकारी एवं मातहतका कार्यालय प्रमुखबीच भएको कार्यासम्पादन सम्झौता अनुसार काम गर्न निर्देशन दिँदै उहाँले मन्त्री तथा सचिव फेरिन्छन् भनी ढिलासुस्ती नगर्न आग्रह गर्नुभयो। मन्त्री खतिवडाले भन्नुभयो, "यो संस्थागत सम्झौता हो, मन्त्री, सचिव, सहसचिव फेरिएर सम्झौता फेरिदैनन्, आफू जिम्मेवारीमा रहँदासम्म जिम्मेवार भएर काम गर्नुहोस्।"

कानून मिचेर गरिने कामकारबाही अनियमित हुने भन्दै उहाँले जतिसुकै राम्रो काम गरे पनि विधि नपुगे बिग्रने बताउनुभयो। मन्त्री खतिवडाले विधि प्रक्रिया पुऱ्याएर काम गर्न सचेत गराउनुभयो। मन्त्रालय र मातहतका निकायबीचको समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै उहाँले सम्बन्धित कार्यालयको बोर्डमा प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै नयाँ निर्णय गर्नुअघि आफू माथिको जिम्मेवार अधिकारीसँग परामर्श गर्न निर्देशन दिनुभयो। "यसले मन्त्रालय र मातहतको निकायबीच थप समन्वय पैदा गर्छ", उहाँले भन्नुभयो।

आफू जवाफदेहितासहितको स्वायत्तताको पक्षमा रहेको उल्लेख गर्दै मन्त्री डा खतिवडाले स्वायत्तताभित्रको अराजकता स्वीकार्य नहुने र त्यो कारबाही योग्य हुने बताउनुभयो। सूचना प्रविधिको बढ्दो विकासले दैनिक जनजीवनमा सहजता ल्याएको भए पनि यसको सुरक्षा र नियमनमा ढिलाइ गर्न नहुनेमा उहाँको जोड थियो। दूरसञ्चार सेवाको पहुँच बढाउन ध्यान दिन आग्रह गर्दै उहाँले भइरहेको संरचनाको मर्मत सम्भार गरेर सेवा सुचारु गर्न बजेटको अभाव हुन नदिइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सार्वजनिक प्रसारण संरचनाको क्षमता विकास गरेर अगाडि बढ्नुपर्ने बताउँदै उहाँले परिमाणसँगै गुणस्तरमा पनि सुधार गरेर जानुपर्नेमा जोड दिनुभयो। "यति भाषा, च्यानल र पानाले तब अर्थ राख्छ, जब यसबाट सम्प्रेषण हुने समाचार, सूचना, जानकारी र विश्लेषणबाट आमजनता सुसूचीत हुन्छन्", मन्त्री खतिवडाले भन्नुभयो। कोभिड-१९ को महामारीबीच पनि मन्त्रालयले सन्तोषजनक प्रगति हासिल गरेको उहाँको भनाइ थियो।

मन्त्रालयका सचिव हरिप्रसाद बस्यालले कोभिड-१९ को विषम परिस्थितिमा पनि मन्त्रालयले औसत प्रगति गरेकोमा सन्तोष प्रकट गर्नुभयो। बेरुजु फछर्यौटमा जोड दिन आग्रह गर्दै उहाँले चालु आवमा बेरुजु फछर्यौट दरलाई ५० प्रतिशतमा पुऱ्याउन निर्देशन दिनुभयो। "जसरी भए पनि बेरुजु फछर्यौट दर ५० प्रतिशत पुऱ्याउनुस्, अहिल्यै चिठी काट्नुहोस्, यसमा मेरो सहयोग रहन्छ।"

कार्यसम्पादन सम्झौतामा उल्लेखित विषयको कार्यान्वयनमा गम्भीरताका साथ लाग्न आग्रह गर्दै उहाँले आगामी वर्ष मन्त्रालयको प्रगतिको सूचक ८० प्रतिशतभन्दा माथि पुऱ्याउनुपर्नेमा जोड दिनुभयो। अर्थ मन्त्रालयका उपसचिव जनकराज शर्माले सरकारको नीति कार्यक्रम तथा बजेटमा उल्लेख गरिएको कार्यक्रमलाई समयमै शुरु गर्न तथा अन्तरमन्त्रालय समन्वय गरेर काम गर्न सुझाव दिनुभयो।

**कार्यसम्पादन सम्झौता**

कार्यक्रममा सरकारले लिएको लक्ष्य हासिल गर्न मन्त्रालय तथा मातहतका निकायले सम्पन्न गर्नुपर्ने जिम्मेवारी तोकिएको समयमै पूरा गर्न कार्यसम्पादन सम्झौता गरिएको थियो। सञ्चारमन्त्री डा युवाराज खतिवडासँग मन्त्रालयका सचिव हरिप्रसाद बस्यालले कार्यसम्पादन सम्झौता गर्नुभयो। यस्तै सचिव बस्यालसँग मन्त्रालयको विभिन्न महाशाखाका प्रमुख, मातहतका विभागका महानिर्देशक, निकाय, बोर्ड, संस्थान तथा समितिका प्रमुखले कार्यसम्पादन सम्झौता गर्नुभएको थियो।

सचिवसँग कार्यासम्पादन सम्झौता गर्नुभएका विभिन्न निकायका प्रमुखले आफू मातहतका कर्मचारीसँग पनि चालु आवमा सम्पन्न गर्नुपर्ने कामका विषयमा कार्यसम्पादन सम्झौता गरेर एक महिनाभित्र मन्त्रालयमा पठाउनुपर्ने बताइएको छ।

# बन्दाबन्दीमा मानव अधिकारको अवस्था कमजोर

काठमाडौँ, १३ साउन (रासस)।

कोभिड-१९ को महामारीबाट बचाउन लागि सरकारले गरेको बन्दाबन्दीमा मानव अधिकारको अवस्था कमजोर रहेको मानव अधिकारकर्मीले गुनासो गरेका छन्। राष्ट्रिय मानव अधिकार आयोग र न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल) ले संयुक्तरुपमा आयोजना गरेको 'कोरोना महामारीको सन्दर्भमा मानव अधिकारको अवस्था' विषयक भर्चुअल कार्यक्रमका वक्ताले समग्रमा मानव अधिकारको अवस्था कमजोर रहेको अधिकारकर्मीले बताएका हुन्।

राष्ट्रिय मानव अधिकार आयोगका उपनिर्देशक हरिप्रसाद ज्ञवालीले कोरोना भाइरस सङ्क्रमणबाट बचाउन सरकारले बन्दाबन्दी गरेको अवस्थामा स्वास्थ्य र खाद्यजस्तो आधारभूत अधिकारबाट नागरिक वञ्चित हुनुपरेको बताउनुभयो। उहाँले विपद्का समयमा काम गर्न सरकारले बनाएको विभिन्न संयन्त्र प्रभावकारी रुपमा कार्यान्वयन नभएको देखिएको बताउनुभयो। न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल) कार्यकारी निर्देशक मोहनलाल आचार्यले कोरोना भाइरसको जोखिम अझै पनि कम भई नसकेको भएकाले सम्पूर्ण मानव अधिकारमैत्री सङ्घ संस्था मिलेर मानव अधिकारको संरक्षणमा लाग्नुपर्नेमा जोड दिनुभयो।

मधेशी आयोगका सचिव दीपेन्द्र काफ्ले, थारु आयोगका सचिव भीमसेन तिमिल्सिना, मुस्लिम आयोगका उपसचिव जमुना मिश्रले, खाद्य अधिकारसम्बन्धी संस्था फियान नेपालका अध्यक्ष अशोक सिंहलगायतले बन्दाबन्दीमा श्रमिक वर्गलाई धेरै कष्टकर अवस्था भएको र आफ्नो स्वास्थ्य उपचारमा नै समस्या भएको धारणा राख्नुभएको थियो। मानव अधिकार पत्रकार सङ्घका अध्यक्ष घनश्याम खड्काले बन्दाबन्दीको अवस्थामा क्वारेन्टिनमा बलात्कार, महिला हिंसाका घटना वृद्धि भएको भन्दै चिन्ता व्यक्त गर्नुभयो।


# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

# कोरोनाबाट विश्वभर ६ लाख ५६ हजारको मृत्यु

पेरिस, १३ साउन (रासस/एएफपी)।

विश्वभर महामारीका रुपमा फैलिएको कोरोनाभाइरसका कारण छ लाख ५६ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर कूल संक्रमित करिब एक करोड ६६ लाखमध्ये करिब एक करोड दुई लाख व्यक्ति कोरोनाको संक्रमणबाट मुक्त भएका छन्। अझै पनि करिब ६६ हजार व्यक्ति गम्भीर अवस्थामा उपचार गराइरहेका छन्।

कोरोनाभाइरस फैलिन नदिन सोमबार विश्वका विभिन्न मुलुकमा कडा नियम घोषणा गरिए पनि कोरोना संक्रमितको संख्या निरन्तर बढेको देखिएको छ। कतिपय मुलुकले समुद्री तट (बीच) बन्द गर्नुका साथै क्वारेन्टिनका नयाँ उपाय घोषणा गर्न थालेका छन्।

युरोपेली मुलुकले पहिलो चरणमा गरिएका लकडाउनका कारण सिर्जित आर्थिक क्षतिको पुनरुत्थान गर्न होसियारीपूर्वक कदम चाल्न थालेका छन्। यी देशमा पर्यटन क्षेत्र खुला गर्न थालिएको छ, तर कोरोनाको दोस्रो लहर उत्पन्न हुन नदिन विशेष सावधानी अपनाइएको छ।

स्पेनको पर्यटन उद्योगले नयाँ चुनौतीको सामना गर्नु परेको छ। बेलायत सरकारले स्पेन भ्रमण गर्ने बेलायती हरेक पर्यटकले स्वदेश फर्किएपछि अनिवार्यरुपमा क्वारेन्टिनमा बस्नुपर्ने नियम जारी गरेको छ। यसबाट धेरै बेलायती पर्यटक र टुर अपरेटर्सले बेलायतीको भ्रमण रद्द गरेका छन्।

हङकङमा कोरोनाभाइरसको नयाँ सङ्क्रमण शृंखला शुरु भएपछि सार्वजनिक स्थलमा अनिवार्यरुपमा मास्क लगाउन आदेश दिएको छ।

बेल्जियमले पनि सामाजिक दूरीका नियममा कडाई गर्न थालेको छ। यसैबीच, अमेरिकामा ह्वाइट हाउसले राष्ट्रपति डोनाल्ड ट्रम्पका राष्ट्रिय सुरक्षा सल्लाहकार रोबर्ट ओ-ब्रायनलाई कोरोनाभाइरसको संक्रमण पुष्टि भएको जनाएको छ।

सोमबार साँझसम्म, विश्वमै सबैभन्दा बढी कोरोना संक्रमित देखिएको संयुक्तराज्य अमेरिकामा थप ५७ हजार व्यक्ति पोजेटिभ देखिएका छन्। जोन्स हप्किन्स विश्वविद्यालयको विवरण अनुसार संयुक्तराज्य अमेरिकामा कोरोना सङ्क्रमितमध्ये एक लाख ४७ हजार ५८८ जनाको मृत्यु भएको छ।

आइतबारसम्म लगातार १२ दिनसम्म अमेरिकामा दैनिक संक्रमितको संख्या ६० हजारको हाराहारीमा रहेको थियो। अमेरिकामा एकै दिन ७० हजारभन्दा बढीमा कोरोना सङ्क्रमितसमेत भेटिएका थिए।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले भने देशका सीमा बन्द गर्न जरुरी नरहेको बताएको छ। डब्लुएचओका आपतकालीन निर्देशक माइकल रायनले भन्नुभयो, "विश्वको अर्थतन्त्रका लागि, विश्वका गरिबका लागि यो दिगो रणनीति होइन।"

उहाँले भिन्नभिन्न मुलुकमा कोरोनाभाइरस भिन्नभिन्न शैलीमा फैलिने गरेकाले पनि सबै मुलुकलाई एकै डालोमा राख्न नहुने बताउनुभयो।

# कोभिड-१९ महामारीका कारण विश्व पर्यटनमा तीन खर्ब २० अर्ब डलर घाटा : राष्ट्रसंघ

म्याड्रिड, १३ साउन (रासस/एएफपी)।

कोरोना भाइरस सङ्कटले २०२० को पहिलो छ महिनाको अवधिमा विश्वको पर्यटन क्षेत्रमा प्रत्यक्ष तीन खर्ब २० अर्ब अमेरिकी डलर बराबरको राजस्व सङ्कलनमा क्षति पुगेको र यसका कारण लाखौँ व्यक्तिको रोजगारीलाई जोखिममा पारेको संयुक्त राष्ट्रसङ्घले बताएको छ।

मङ्गलबार म्याड्रिडस्थित विश्व पर्यटन सङ्गठनले एक विज्ञप्ति जारी गर्दै भनेको छ, "सन् २०२० को जनवरीदेखि मे महिनासम्ममा सन् २००९ को विश्वव्यापी आर्थिक सङ्कटको बेलाको घाटाभन्दा तीन गुणा बढी घाटा भएको छ।"

महामारीको यो अवधिमा सङ्क्रमण नियन्त्रणका लागि गरिएका प्रतिबन्धात्मक पहलका कारण अन्तर्राष्ट्रिय पर्यटकको आगमन ३० करोडले वा ५६ प्रतिशतले घटेको सङ्गठनको ठहर छ।

"यस पछिल्लो तथ्याङ्कले पर्यटन यथासम्भव सुरक्षित हुने बित्तिकै पुनः सुरु गर्नुको महत्व स्पष्ट पारेको छ। अन्तर्राष्ट्रिय पर्यटनमा भएको भारी गिरावटले लाखौँको जीविका जोखिममा रहेको छ," सङ्गठनका महासचिव जुराब पोलोलिकाश्विलीले भन्नुभयो।

महामारीबीच पर्यटन गतिविधि बिस्तारै केही गन्तव्यहरूमा सञ्चालन हुन थालेको छ। संयुक्त राष्ट्रसङ्घीय उक्त सङ्गठनले यस क्षेत्रमा 'गम्भीर तथा नकारात्मक जोखिम' को सामना गर्नुपरेको बताउनुभयो। भाइरसको सङ्क्रमणको पुनः आगमनले नयाँ लकडाउन, यात्रा प्रतिबन्ध र 'अधिकांश गन्तव्यहरू' मा सीमा बन्द गर्नसक्ने र यसले थला परेको पर्यटन क्षेत्रलाई थप प्रभावित पार्ने सम्भावना रहेको भन्दै नियन्त्रणका लागि अपनाइने प्रतिबन्धात्मक नियमबारे संवेदनशील बन्न पनि उहाँले जोड दिनुभयो।

उहाँले अन्तर्राष्ट्रिय पर्यटनका प्रमुख स्रोत मानिने संयुक्त राज्य अमेरिका र चीनलगायतका केही गन्तव्यमा अझै पनि पर्यटन गतिविधिमा सुधार हुन नसक्नुलाई चिन्ताको विषय भन्नुभएको छ।

संयुक्त राष्ट्र संघले मेमा पूर्वानुमान गरे अनुसार कोरोना भाइरसका कारण सन् २०२० मा अन्तर्राष्ट्रिय पर्यटन गतिविधिमा ६० देखि ८० प्रतिशतले गिरावट हुनसक्ने बताएको थियो।

सन् २०१९ मा अन्तर्राष्ट्रिय पर्यटन आगमनमा चार प्रतिशतले बढेर एक खर्ब ५० अर्ब पुगेको राष्ट्रसङ्घको तथ्याङ्क छ। विश्वको सबैभन्दा धेरै भ्रमण गरिएको देशमा क्रमशः फ्रान्स, स्पेन र संयुक्त राज्य अमेरिका पहिलो दोस्रो र तेस्रो स्थानमा रहेका संगठनले जनाएको छ।

सन् २००९ को विश्वव्यापी आर्थिक सङ्कटका कारण अन्तर्राष्ट्रिय पर्यटन क्षेत्रमा पनि गिरावट आएको थियो।

# १८ वर्षिया किशोरी बलत्कृत

धनुषा, १३ साउन (रासस)।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा एक किशोरीमाथि बलात्कार भएको छ। इलाका प्रहरी कार्यालय महेन्द्रनगरले दिएको जानकारी अनुसार सोमबार राति क्षीरेश्वरनाथ नगरपालिका-३ मङ्गलपुर बस्ने १८ वर्षीया एक किशोरीमाथि बलात्कार भएको हो।

राति १० बजे शौच गर्न घरबाट निस्केको मौका छोपी आफूलाई डर धाकधम्की दिएर क्षीरेश्वरनाथ नपा-३ मङ्गलपुर बस्ने २८ वर्षीया कलाम राइनले आफूलाई मङ्गलपुरको खुल्ला चउरमा लगेर बलात्कार गरेको पीडित किशोरीले बताइन्।

निकैबेर राति घरबाट हराइरहेकी किशोरीलाई खोजी गर्ने क्रममा राति २ बजे स्थानीय बासिन्दाले राइनले खुल्ला चउरबाट किशोरीलाई घर पुऱ्याउन आउँदै गरेको अवस्थामा फेला पारेका थिए। स्थानीय बासिन्दा आउँदै गरेको देखेर किशोरीले रुदै चिच्याएर घटना सुनाएपछि केटालाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए।

इलाका प्रहरी कार्यालय महेन्द्रनगर इन्चार्ज प्रहरी निरीक्षक पप्पु नायकले बलात्कारको आरोपमा कलाम राइनलाई पक्राउ गरिएको बताउनुभयो। बलात्कृत किशोरी र आरोपित दुबै जनालाई प्रादेशिक अस्पताल जनकपुरमा मंगलबार स्वास्थ्य परीक्षण गरिएको र घटनाबारे थप अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो।

### *मास्क नलगाई ...*

जानकारी दिदै जरिवाना रुवरुप १२ हजार ३ सय राजस्व समेत सङ्कलन भएको बताए।

यसअघि जिल्ला प्रशासन कार्यालय सप्तरीले आइतबार सूचना जारी गर्दै सार्वजनिक स्थानमा हिँडडुल गर्दा अनिवार्य मास्क लगाउन आग्रह गरेको थियो। सो सरकारको निर्णय अवज्ञा गर्नेलाई नियन्त्रणमा लिई जरिवाना गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

# "तपाईको मास्क खैं" प्रहरीको अभियान सुरु

**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन।**

जिल्ला प्रहरी कार्यालय सप्तरीको आयोजनामा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्लाको रुपनी गाउपालिका वडा नं. १ स्थित रुपनी चौकमा "तपाईको मास्क खैं" भन्ने अभियान संचालन गरेको छ।



सप्तरी जिल्ला सहायक प्रमुख जिल्ला अधिकारी जय कुमार घिमिरेको प्रमुख आतिथ्यमा विभिन्न सुरक्षा निकायका जिल्ला प्रमुखको उपस्थितिमा अभियानको शुभारम्भ गरिएको हो।

कोरोना भाईरससँग सम्बन्धीत विषयमा सचेतना मुलक कार्यक्रम तथा सप्तरी जिल्लामा बढ्दै गईरहेको संक्रमणलाई मध्य नजर गरी जिल्ला प्रशासन कार्यालय सप्तरीद्वारा जारी गरीएको निषेधाज्ञा र मास्क लगाने सम्बन्धि जारी गरिएको सुचना र कानुनी व्यवस्थाको सम्बन्धमा जनचेतना दिइएको छ।

# चार लाख घुससहित पक्राउ

काठमाडौँ, १३ साउन (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रु चार लाख घुससहित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवाका सहयोगी विश्वनाथप्रसाद लोध र स्थानीय महेन्द्रप्रसाद यादवलाई पक्राउ गरेको छ।

जग्गाको मुआब्जा दिलाउन सहजीकरण गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने सूचनाका आधारमा आयोगको कार्यालय बुटवलबाट गएको टोलीले उनीहरुलाई एक बैंकको शाखा कार्यालयबाट पक्राउ गरिएको हो। आयोगका प्रवक्ता तारानाथ अधिकारीका अनुसार उनीहरुमाथि थप अनुसन्धान भइरहेको छ।

# सूचना

**नोभल कोरोना भाईरस (कोभिड१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**आनुरोधकर्ता - प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*